**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०१ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. पेरिस ओलम्पिकमा कास्य पदक जित्ने स्वप्निल कुसलेलाई प्रधानमन्त्री, रास्ट्रपति अनि उपरास्ट्रपतिले बधाई दिनु भएको छ।

२. गृहमन्त्री अमित शाहले पश्चिम बंगाललाई आपदा चेतावनी प्रणालीको निम्ति गत २० बर्षमा ४ हजार ६ सय ११ करोड प्रदान गरेको बताउनु भएको छ|

३. लोकसभा चुनाव समाप्त भएपश्चात पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको जिल्ला भ्रमण शुरू हुने भएको छ।

४. जीवन अनि स्वास्थ्य बिमामा जी एस टि हटाउनेबारे सडक, यातायात तथा राजमार्ग मन्त्रि नितिन गडकरीले वृतमन्त्रीलाई अनुरोध गर्नु भएको छ|

५. दार्जीलिंग नगरपालिकाले स्वच्छ दार्जीलिंग अभियानलाई जारी राखेको छ|

**राष्ट्रपति-स्वप्निल कुसाले**

राष्ट्रपति द्रौपदी मुर्मूले स्वप्निल कुसालेलाई पेरिस ओलंपिकमा कांस्य पदक जीतेकोमा बधाई दिनु भएको छ । राष्ट्रपतिले एक सोशल मीडिया पोस्ट मार्फत भन्नु भयो स्वप्निल कुसाले पुरुषहरुको पचास मीटर राइफल तीन पोजीशन श्रेणीमा पदक जीतने पहिलो भारतीय बनेका छन्| उँहाले भन्नुभयो यो पहिलो पटक हो भारतले एकै ओलंपिक खेलहरुमा निशानेबाजी स्पर्धामा तीन पदक जीतेको छ । राष्ट्रपतिले भन्नुभयो निशानेबाजी दलले भारतलाई गौरवान्वित गरेको छ। उँहाले सबै खेलाड़ीहरुलाई आगामी खेलहरुका लागि शुभकामना दिनुभएको छ। राष्ट्रपति मुर्मूले स्वप्निल कुसालेलाई भविष्यमा धेरै उपलब्धि हासिल गर्न भनि शुभकामना दिनु भएको छ।

****** ० ******

**उपराष्ट्रपति-बधाई**

उपराष्ट्रपति जगदीप धनखरले पनि एक सामाजिक सञ्जाल पोष्ट मार्फत स्वप्निल कुसलेलाई बधाई दिनु भएको छ । श्री धनखरले स्वप्निल कुसलेको समर्पण र लगनशीलताले सिंगो देशलाई विश्व स्तरमा गौरवान्वित गरेको बताउनु भयो।

****** ० ******

**प्रधानमन्त्री-कुसले बधाई**

प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिस ओलम्पिकमा पुरुषको ५० मिटर राइफल-३ पोजिसनमा कास्य पदक जितेकोमा स्वप्निल कुसलेलाई बधाई दिनु भएको छ। एक सोशल मिडिया पोस्टमाए श्री मोदीले स्वप्निल कुसलेले असाधारण प्रदर्शन गरेको छ। उनले उत्कृष्ट लचकता र सीप देखाएकाले उनको प्रदर्शन विशेष रहेको प्रधानमन्त्रीले बताउनु भएको छ । यस विधामा पदक जित्ने उनी पहिलो भारतीय खेलाडी रहेको भन्नुहुँदै श्री मोदीले यो उपलब्धिले हरेक भारतीयलाई खुशीले भरिदिएको बताउनु भयो।

****** ० ******

**मम‌ता बनर्जी- बधाई**

पश्चिम बंगालको मुख्यमंत्री ममता बनर्जीले पनि पेरिस ओलंपिक खेलमा कांस्य पदक जीतने स्वप्निल कुशालेलाई बधाई दिनु भएको छ।उहाँले एक्समा पोस्ट गर्दै साधारण पृष्ठभूमिमा हुर्केका उनको संघर्ष अनि सफलताको कहानी वास्तवमा नै प्रेरणादायक रहेको बताउनु भयो।

****** ० ******

**पश्चिम बंगाललाई केन्द्रद्वारा पैसा**

केन्द्र सरकारले आपदा प्रबन्धन अनि आपदाको अगावै चेतावनी प्रणालीका लागि पश्चिम बंगाललाई सन् २००४ देखि २०२४ सम्म ६,२४४ करोड़ रूपियाँ प्रदान गरिएको जानकारी केन्द्रिय गृहमंत्री अमित शाहले राज्य सभामा दिनुभएको छ। उहाँले यस मध्ये ४,६११ करोड़ रूपियाँ अगावै रिइम्बर्स गरि सकिएको बताउनु भयो। उहाँले टिएमसी सरकार माथि आरोप लागाउँदै भन्नुभयो तर ममता सरकारले आपदा प्रबन्धन कोषको खर्चको सठीक ब्यौरा समयमा दिन्दैन जसेल गर्दा राशि जारी गर्न असुविधा हुन्छ। उहाँले यो पिन भन्नुभयो पश्चिम बंगाल सरकारले जति छिट्टो हिसाब दिन्छ त्यति छिट्टो रहल राशि जारी गरिनेछ।

****** ० ******

**केरला-वायनाड**

केरलाको वायनाड जिल्लाको मुन्डकाई, अट्टामाला र चुरमलाई क्षेत्रमा खोजी कार्य जारी छ। यस जिल्लामा मंगलबार भीषण पहिरो जाँदा जनधनको धेरै क्षति भएको छ । यस दुर्घटनामा हालसम्म २६० जनाको मृत्यु भएको पुलिस स्रोतले जनाएको छ । तीमध्ये ९० शवको पहिचान हुन सकेको छैन । प्रभावित क्षेत्रबाट ८६ वटा विकृत शव फेला परेका छन् ।

****** ० ******

**मुख्यमन्त्री भ्रमण**

लोकसभा चुनाव समाप्त भएपश्चात पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको जिल्ला भ्रमण शुरू हुने भएको छ। आगामी 9 अगस्तको दिन आदिवासी दिवसलाई केन्द्र गरी मुख्यमन्त्री झाडग्रामको 2 दिवसीय भ्रमणमा जानुहुनेछ। मुख्यमन्त्रीको जिल्ला भ्रमण झाडग्रामबाट नै शुरु हुनेछ। आदिवासी दिवस मनाउनको निम्ति राज्य सरकारले झाडग्राम स्टेडियममा रंगारंग कार्यक्रमको आयोजना गर्न लागिरहेको छ। यस कार्यक्रममा मुख्यमन्त्री ममता ब्यानर्जी सहभागी बन्नुहुनेछ। नवान्न सुत्र अनुसार मुख्यमन्त्री ममता ब्यानर्जी 8 अगस्तको दिन नै कलकत्ताबाट झाडग्रामको निम्ति प्रस्थान हुनुहुनेछ|

****** ० ******

**सर्वोच्च न्यायालय- एस सी/एस टी आरक्षण**

एक ऐतिहासिक फैसलामा, सर्वोच्च अदालतले आज आरक्षणको लाभ दिनका लागि अनुसूचित जाति र अनुसूचित जनजाति - SC/ST को आरक्षित श्रेणी समूहहरूमा उनीहरु पछाड़ीएको आधारमा विभिन्न समूहमा उप-वर्गीकृत गर्ने राज्यहरुको शक्तिलाई यथावत राखेको छ । भारतका प्रधानन्यायाधीश डीवाई चन्द्रचुडको नेतृत्वमा र न्यायाधीशहरू बीआर गवई, विक्रम नाथ, बेला एम त्रिवेदी, पंकज मिथल, मनोज मिश्रा र सतीश चन्द्र शर्मा सम्मिलित सात न्यायाधीशहरूको पीठले 2004को ईवी चिन्नैयाको फैसलालाई 6को मुकाबिला एक फैसलाले खारेज गरेको थियो। यस फैसलामा न्यायाधीश बेला त्रिवेदीले असहमति जनाइन् । 2004 को फैसला अनुसूचित जाति/जनजातिको उप-वर्गीकरण अनुच्छेद 341 को विपरीत थियो, जसले राष्ट्रपतिलाई SC/ST को सूची तयार गर्न अनुमति दिंदछ।

****** ० ******

**जी.एस.टि हटाउने मांग**

जीवन अनि स्वस्थ्य वीमामा जी.एस.टि हटाउने , सड़क यातायात तथा राजमार्ग मंत्री नितीन गड़करीले निर्मला सीतारमन समक्ष अनुरोध गर्नुभएको छ। उहाँले पत्र मार्फत वित्तमंत्रीले वीमा प्रिमियममा लाखैं जनतालाई राहत मिल्ने कुरा स्पष्ट गर्नु भएको छ। नागपुर डिभिजन लाइफ यूनियनको ज्ञापनपत्र पछि आफूले वित्त मंत्रीलाई यो पत्र लेखेका श्री गड़करीले बताउनुभएको छ।

****** ० ******

**विध्युत विभाग**

पश्चिम बंगाल राज्य विध्ययुत वितरण कम्पनी निगमले आउँदो पूजालाई ध्यानमा राखेर विध्यचुत लाईन मरम्मती काम क्रमशः गर्ने भएको छ। विभागमा खरसांग महिकुमा डिविजनल अभियन्ताद्वारा जारी एक नोटिसामाविध्युत लाईन मरम्मती कार्य अवधि ११ केऋभीऋ र ३३ के.भी फिडर लाईनहरू पालै पालो गर्दै , इलाका सरह बन्द ग राखिने छ। खरसांग र मिरिक महकुमा अर्न्तगत लाईनहरूलाई वर्ष नै यसै अवधिमा मरम्मती गरिनेछ जसद्वारा दशै र तिहारको बेला विध्युत आपूर्ति निर्वाध रूपमा जारी ारहोस तथा आम मानिसहरूलाई कुनै असुविधा नहोस । यो मरम्तती काम्रको अवययकता अनुरूप विध्युत आपूर्ति केही समयका लागि वाधित रहनेछ। मरम्मती कार्य अगस्त देखि शुरू गरिनेछ तथा कार्य ३ अगस्त देखि शुरू गरिनेछ तथा ३३ के.भी लाईनको मरम्मती कार्य ३१ अगस्त सम्म अनि ११ के.भी स्टेशन लाईन मरम्मती कार्य २२ सितम्बर सम्म चल्ने छ। यो विध्यूत आपूर्ति बिहान १० बजे देखि अपरान्ह ३ बजे सम्मा लागि वाधित रहनेछ। ०३ अगस्तको दिन खरसांगको मन्टिभियट , सन्त अल्फन्स स्कूल खरसांग टुरिष्ट लज , डाउहिल , फरेष्ट डिएफओ कार्यालय र अलिटा रिर्सोट इलाकामा विध्युत आपूर्त वाधित रहने छ।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

दार्जीलिङ नगरपालिकाले स्वच्छ दार्जीलिङ अभियनलाई जारी राख्दै शहरको जज बजारमा रहेका अवैध ूटपात दोकानहरू र अवैध कब्जाहरूलाई हटाउने काम आज भयो। दार्जीलिङ नगरपालिका अध्श्यक्ष दिपेन ठकुरी तथा पुलिसको उपस्थितिमा जेसीभी लगाएर अवैध रूपमा फूटपातलाई कबजा गरिएकोलाई भत्कायो। साथै सडत्रकलाई छेकेर थापेका फूटपात अथवा बढ़ाएको दोकानहरूका सिढ़ीहरूलाई भत्कायो। स्मरण रहोस जीटिए प्रमुख कार्यपाल अनित थापाले स्वच्छ र सफाा दार्जीलिङ बनाईने घोषणा गरेका थिए जसले गर्दा देशविदेशका पर्यटकहरू ार्जीलिङ आउन जसद्वारा यहाँका मानिसहरूको आय र रोजगार बढ़ोस। धेरै दनि सम्मको बैठक छलफल पछि दार्जीलिङकोप्रमुख पर्यटक स्थल चौरस्तामा सडत्रकलाई कब्जा गरी थापिएका पसलहरूलाई आपसी सहमतिमा हटाईएको छ। यसरी नै दार्जीलिङ , खरसांग , मिरिक र कालेबुङ नगरपालिका अनिसिलगड़ी नगर निगमहरूले शहरलाई स्वच्छ राख्न सडकहरूलाई फराकिलो बनाउन अवेध ककब्जाहरूलाई हटाउने नोटिस मानिसहरूलाई बारम्बार दिईरहेको छ। पसहरू नहटाईएको खण्डमा त्यसाई भत्काइन्दैछ , अवैाकब्जा हटाईन्दैछ।

****** ० ******

**बाजे -बोजु दिवस**

दार्जीलिङको प्रमुख कन्या विधलय लरेटो कन्भेन्टमा आज बिहान एउटा ठूलो ग्रान्ड फादर - ग्रान्ड मदर डे अर्थात बाजे बोजु दिवस भव्य रूपमा पालन गरियो।यस अवसरमा स-साना नानीहरू तथा वयोवृद्ध बाजे-बोजुहरू बीचको माया, ममता, प्रेम तथा एक अर्काको कसरी मनोवैज्ञानिक ढ़ंगमा हाँससी खुशी राख्नस सकिन्छ अथवा घरको माहौल नानीहरू र बाजे बोजु बीचको अटुट प्रेमले घरलाई खुशहाल राख्न सकिन्छ तयसबारे प्रकाश पारियों नानीहरूद्धारा प्रस्तुत विभिन्न कार्यक्रममा नानीहरूका लागि बाजे बोजु अनि बाजे- बोजुहरूका लागि नानीहरूको कति ठूलो महतव छ त्यसलाई झलकाईरहेको थियो। नर्सरी देखी कक्षा दुई सम्मा नानीहरूको विविध सांस्कृतिक कार्यक्रमहरूलाई वयोवृद्ध दर्शकहरूलाई मंत्र मुग्ध बनाएका थिए।

****** ० ******

**स्टेट एथलेटिक्स च्याम्पियनशिप**

कोलकोताको सल्ट लेकमा सम्पन्न भइरहेको ७२औं स्टेट एथलेटिक्स च्याम्पियनशिपमा सहभागिता जनाउन जि टि ए क्षेत्रका धावकहरुले प्रस्थान गरेको छ। कालिम्पोङ डिष्ट्रिक्ट स्पोर्ट एसोसियसन अनि कालिम्पोङ डिष्ट्रिक्ट एथलेटिक्स एसोसियसनको पहलमा जि टि ए क्षेत्रका धावकहरु प्रस्थान भएका हुन्। उनीहरूलाई अभिभावक अनि एसोसियसनका पदाधिकारीहरूद्वारा शुभकामना सहित विदाई गरिएको छ।एशोसियसनका सचिव सुरज सुब्बाको नेतृत्वमा रहेको टोलीले जूनियर अनि सिनियर दुवै वर्गमा सहभागिता जनाउने छ। हाल कालेबुङमा डिष्ट्रिक्ट स्पोर्ट एशोसियसन गठन भए यता कालेबुङका विभिन्न

विधाको खेलको बिकाश हेतु स्थानीय प्रतिभाहरु खोज्ने प्रयास भइरहेको छ। स्कूल अनि अभिभावक हरुले पनि विद्यार्थीहरुलाई खेल कुदमा प्रोत्साहन सचिव सुरज सुब्बाले आह्वान गर्नु भएको छ।

****** ० ******

**मन घिसिङ प्रेस सम्मेलन**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा पार्टीका अध्यक्ष मन घिसिङले आफ्नो व्यक्तिगत भावी कार्ययोजनाबारे पत्रकार सम्मेलन गर्नु भएको छ। उहाँले दृढतापूर्वक पार्टी अनि झण्डाविहीन भएर नयाँ गोर्खाल्याण्ड प्राप्तिको अभियान सुरु गर्ने बताउनु भएको छ। उहाँले यो नयाँ उद्देश्यका लागि सबै एकजुट हुन आग्रह गर्नु भयो।

श्री घिसिङले यसअघि मिडियालाई सम्बोधन गर्दै भारत सरकारलाई गोर्खाहरूको माग पूरा गर्न समयसीमा दिएका थिए तर त्यस समय अवधि माग पूरा नभएकोले अब सबै एकजुट भएर यस्तो आन्दोलन गर्ने बेला आएको छ भनी बताउनु भयो।

****** ० ******

**राष्ट्रीय राजमार्ग 10 अवरूद्ध**

सिलगढी-सिक्किम राष्ट्रीय राजमार्ग संख्या 10 रवी झोडा नजीक भूस्खलन पछि आज साँझ देखि अवरूद्ध भएको छ। हिज राती देखि दार्जिलिंग पहाड़मा वर्षा जारी छ। आज बिहान देखि नै जीटीए क्षेत्रका कैयन भागहरूमा वर्षा भइरहेको छ।व्यापक वर्षाका कारण टिस्टा नदीको जलस्तर बढेको छ तथा कालेबुंग जिल्ला अधिनस्थ राजमार्गको नजिक कैयन ठाउँमा वाहनहरूलाई खतरा उत्पन्न भएको छ। राजमार्ग खोल्ने कार्य डोजर र जेसीभी मशिनहरूद्वारा जोरतोरले चलाइन्दैछ। जिल्ला प्रशासन स्रोत अनुसार भोली बिहान सम्म अवरोधित मार्ग खोलाउने प्रयास भइरहेको छ।